# उत्तरगया गाउँपालिकाको आर्थिक ऐन, २०७६

गाउँसभाबाट पास  मिति : २०७६।०३।१०

## उत्तरगया गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

**प्रस्तावना :** उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम उत्तरगया गाउँ सभाले यो ऐन,बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "उत्तरगया गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि उत्तरगया गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । आर्थिक वर्ष २०७५/०७६सम्मको वक्यौता असुलउपर गर्ने प्रयोजनको लागि मात्र यो कर लगाइएको छ ।

४. **घर जग्गा वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन प्रवेश शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५.**कृषि संबन्धि दस्तुर** : व्यवसायीक कृषिमा अनुसूचि १४ मा वार्षिक दस्तुर लिइने छ ।

१६.**कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. **संशोधनः** स्थानिय तह सञ्चालनको प्रारम्भिक चरणमा रहेकोले छोटो अध्ययनमा तयार गरिएकोले नौलो अभ्यासको रुपमा रहेको राजस्वको श्रोत, करको दायरा र दरहरुमा व्यवहारिक र बैज्ञानिक नहुने सम्भावना रहेकोले पारित राजस्वका श्रोत, करका दायरा र दरहरु मा थपघट तथा हेरफेर गर्न परेमा कार्यपालिकाले संशोधन गरी कार्यान्वयन गर्न सक्नेछ ।

## अनुसूचीहरु

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**सम्पत्ति कर:**

| क.स. | विवरण | राजस्व |
|---|---|---|
| १ | रु. ५ लाख सम्मको सम्पत्ति | १०० |
| २ | ५ देखि रु. १० लाख सम्मको | २०० |
| ३ | १० देखि रु. २० लाखसम्म | ३५० |
| ४ | २० देखि रु. ५० लाखसम्म | ७५० |
| ५ | ५० लाख भन्दा माथि रु. १ करोड सम्म | १५०० |
| ६ | १ करोड भन्दा माथि रु. ५ करोड सम्म | २००० |
| ७. | ५ करोड भन्दा माथि जति भए पनि | रु. ५००० |

अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

भूमिकर(मालपोत) आ. व. २०७५।०७६ सम्मको वक्यौता उठाउने प्रयोजनको लागि मात्र ।

| क.स. | भुमिको प्रकार(खेतवारी, बारी) | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | मुख्य सडकले छोएको | १०० | विलम्ब जरिवाना<br>१५% पहिलो वर्ष<br>२०% दोस्रो वर्ष<br>२५% तेस्रो वर्ष वा सो भन्दामाथि |
| २ | सहायक सडकले छोएका | ५० | |
| ३ | सडकले छोएका | १० | |

* मुख्य सडक भन्नाले बेत्रावतीदेखि नयाँपुल र पासाङल्याम्मु राजमार्गलाई जनाउने छ ।

अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

**क. घरजग्गा बहाल कर :**

| क.स | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १. | घर वा जग्गा (व्यावसायिक/भाडामा दिने प्रयोजनको लागि) वार्षिक कर | भाडाको १० प्रतिशत | वार्षिक १५ प्रतिशतका दरले विलम्व जरीवाना |

**ख. स्रोत परिचालन**

| क.स | विवरण | २०७५/७६ | कैफियत |
|---|---|---|---|
| १. | हल भाडा प्रति दिन (गा.पा वा वडा  हल) | १००० | |
| २. | प्रोजेक्टर भाडा प्रति दिन | ५०० | |

अनुसूची ४

(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय कर :**

| क.स | विवरण | २०७५/७६ | कैफियत |
|---|---|---|---|
| १ | मदिरा पसल | | |
| १.१ | वितरक | २००० | |
| १.२ | थोक बिक्रेता पसल | १५०० | |
| १.३ | खुद्रा बिक्री पसल | १००० | |
| २. | चुरोट बिडी सुर्तीजन्य | | |
| २.१ | वितरक | १५०० | |
| २.२ | थोक बिक्रेता पसल | १००० | |
| २.३ | खुद्रा बिक्री पसल | ७०० | |

| | | | |
|---|---|---|---|
| ३ | हल्का पेय पदार्थ | | |
| ३.१ | थोक बिक्रेता पसल | ५०० | |
| ३.२ | खुद्रा बिक्री पसल | २०० | |
| ४ | सुनचाँदी पसल | | |
| ४.१ | थोकरुपमा फेन्सी गहना बनाई बिक्री गर्ने पसल | २००० | |
| ४.२ | साना वा हातले गहना बनाई बिक्री गर्ने पसल | १५०० | |
| ४.३ | साधारण गहना बनाउने तथा मर्मत गर्ने पसल | ५०० | |
| ५. | औषधी पसल | | |
| ५.१ | औषधी थोक बिक्रेता | २००० | |
| ५.२ | औषधी खुद्रा पसल(डाक्टर भएको ) | १००० | |
| ५.३ | औषधी खुद्रा पसल(डाक्टर नभएको) | ७०० | |
| ६. | आयुर्वेदिक औषधी पसल | ५०० | |
| ७ | एग्राभेट पसल | | |
| ७.१ | थोक बिक्रेता पसल | १००० | |
| ७.१ | खुद्रा बिक्री पसल | ५०० | |
| ८. | स्टेशनरी तथा पुस्तक पसल | ५०० | |
| ९. | छपाई तथा प्रकाशन | | |
| ९.१ | अफसेट प्रेस | २००० | |
| ९.२ | साधारण प्रेस फ्लेक्स बोर्ड समेत | १००० | |
| १०. | कस्मेटिक पसल, व्युटी पार्लर समेत | ५०० | |
| ११. | मोटरपार्टस् | | |
| | थोक बिक्रेता पसल | १००० | |

| | | | |
|---|---|---|---|
| | खुद्रा बिक्री पसल | ७०० | |
| १२. | प्लाई तथा ग्लास | | |
| | थोक बिक्रेता पसल | ५०० | |
| | खुद्रा बिक्री पसल | ३०० | |
| १३. | कपडा तथा फेन्सी | | |
| | थोक बिक्रेता पसल | १००० | |
| | खुद्रा बिक्री पसल | ५०० | |
| १४ | व्याग हाउस | | |
| | थोक बिक्रेता पसल | ३०० | |
| | खुद्रा बिक्री पसल | २०० | |
| १५ | धागो टाक पसल | १०० | |
| १६ | इलेकट्रोनिक्स पसल | | |
| | थोक बिक्रेता पसल | २००० | |
| | खुद्रा बिक्री पसल | ५०० | |
| | मोबाईल  घडी रेडियो क्याल्कुलटर अडियो भिडियो क्यासेट, टिभी | ५०० | |
| १८. | विद्युत सामाग्री पसल | | |
| | थोक बिक्रेता पसल | १५०० | |
| | खुद्रा बिक्री पसल | ५०० | |
| १९. | हार्डवयर, मेसिनरी, पेन्टस, स्यानिटरी,मार्वल पसल | | |
| | थोक बिक्रेता पसल | २००० | |
| | खुद्रा बिक्री पसल | १००० | |
| २०. | पेट्रोलियम पदार्थ | | |
| | पेट्रोलपम्प | १५०० | |

| | | | |
|---|---|---|---|
| | ग्यास सिलीन्डर सबडिलर | ७०० | |
| | मट्टीतेल मात्र विक्री | २०० | |
| २१. | स्टिल आलुमिनिय पसल | | |
| | थोक बिक्रेता पसल | १००० | |
| | खुद्रा बिक्री पसल | ५०० | |
| २२. | फर्निचर | | |
| | थोक बिक्रेता पसल | १००० | |
| | खुद्रा बिक्री पसल | ५०० | |
| २३. | सवारीसाधन विक्री पसल | | |
| | बस ट्याक्टर ट्रक जिप कार भ्यान डिलर | २००० | |
| | मोटरसाइकल डिलर | १००० | |
| | साइकल डिलर | ४०० | |
| | रिकन्डिसन हाउस | ५०० | |
| | विविध विषयका सामान सप्लायर्स | ५०० | |
| २४. | दैनिक उपभोग्य वस्तु | | |
| | खाद्यान्न किराना थोक | ५०० | |
| | खाद्यान्न किराना खुद्रा | ३०० | |
| | सानो किराना पसल आलु प्याज लसुन अदुवा | १०० | |
| २५ं | फलफूल पसल | | |
| | थोक बिक्रेता पसल | ५०० | |
| | खुद्रा बिक्री पसल | २०० | |
| २६ | तरकारी पसल | | |
| | थोक बिक्रेता पसल | ५०० | |

| | | | |
|---|---|---|---|
| | खुद्रा बिक्री पसल | २०० | |
| २७. | सुति कपडा पसल | | |
| | थोक बिक्रेता पसल | ५०० | |
| | खुद्रा बिक्री पसल | २०० | |
| २८ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | | |
| २८.१ | चिकित्सक | १००० | |
| २८.२ | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | १००० | |
| २८.३ | कानुन व्यावसायी /ल फर्म | १००० | |
| २८.४ | लेखापरीक्षण व्यावसायी<br>सि ए<br>क ख<br>ग घ | <br>२०००<br>१५००<br>१००० | |
| २८.९ | दन्तचिकित्सक | १००० | |
| २८.१० | अनुसन्धानकर्ता/परामर्शदाता | १००० | |
| २८.११ | पशु चिकित्सक डाक्टर<br>पशु चिकित्सक सेवा प्रदायक | १०००<br>२०० | |
| २८.१२ | ढुवानी तथा ट्रान्सपोर्ट | | |
| २८.१२.१ | क वर्ग | १००० | |
| २८.१२.२ | ख वर्ग | ७०० | |
| २८.१२.२ | ग वर्ग | ५०० | |
| २९ | निर्माण व्यावसायी | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको निर्माण व्यावसायी | १०००० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख | ८००० | |

| | | | |
|---|---|---|---|
| | वर्गको  निर्माण व्यावसायी | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको  निर्माण व्यावसायी | ६००० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको  निर्माण व्यावसायी नविकरण | ४००० | दर्ता शुल्क ५००० |
| ३०. | भवन निर्माण | | |
| | मिक्सचर र सटरीङ्ग सामान भएको | २००० | |
| | सटरीङ्ग सामान मात्र भएको | १२०० | |
| ३१ | उत्पादनमूलक उद्योग | | |
| ३१.१ | ग्रील उद्योग | १००० | |
| ३१.२ | जुत्ता उद्यौंग तथा सो रुम | १००० | |
| | जुत्ता सोरुम मात्र | ३०० | |
| | पशु आहार बिक्री केन्द्र | ३०० | |
| | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | १०० | |
| ३२. | कपडा तथा गार्मेन्ट उद्यौग | ४००० | |
| ३२.१ | सिरक डसना उद्योग पसल | १००० | |
| ३३. | कुटानी पेलानी | | |
| | फ्लोर मिल | १००० | |
| | सेलर  मिल | ८०० | |
| | होलर मिल | ७०० | |
| | चिउरा मिल | ५०० | |
| | मसला मिल | ३०० | |
| ३४ | डेरी उद्योग | | |
| | थोक बिक्रेता | १००० | |

| | | | |
|---|---|---|---|
| | खुद्रा | ३०० | |
| ३५ | उपभोग्य वस्तु उत्पादन उद्योग | | |
| | कुकिज नुडल्स | ५०० | |
| | दालमोट पाउरोटी चाउमीन | ४०० | |
| ३६ | वनजन्य उद्योग | | |
| | स मिल प्लाइउड उद्योग | १५०० | |
| | काठ बिक्री डिपो | १००० | |
| | काठको फर्निचर उद्योग र सो रुम | १००० | |
| ३७ | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | २००० | |
| ३८ | पर्यटन उद्योग | | |
| | होटल लज रेष्टुरेन्ट | २००० | |
| | भोजनालय | १००० | |
| | मिठाई पसल | ५०० | |
| | पार्टी प्यालेस | १५०० | |
| | साना खाजा नास्ता पसल / मदिरासहित | २००/५०० | |
| ३९. | टेन्ट हाउस | ५०० | |
| ४०. | सेवा उद्योग | | |
| | कलरल्याव/फोटो स्टुडियो | ५०० | |
| | सिनेमा हल | २००० | |
| ४१. | सञ्चार | | |
| | केवुल च्यानल प्रसारण | १००० | |
| | एफ एम प्रसारण | ७०० | |
| | पत्रपत्रिका प्रकाशन सेवा | ५०० | |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा | २०० | |

| | | | |
|---|---|---|---|
| | क्याफे | | |
| | कुरियर सेवा | २०० | |

**५. वित्तीय सेवा**

| | | | |
|---|---|---|---|
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १०००० | |
| | विकास वैंक प्रति शाखा कार्यालय | ५००० | |
| | फाइनान्स कम्पनी  प्रति शाखा कार्यालय | ३००० | |
| | वित्तीय सहकारी संस्था | २००० | |
| | रेमिटेन्स सेवा | ५०० | |
| **६. स्वास्थ्य सेवा व्यवसाय** | | | |
| | निजी अस्पताल तथा नर्सिङ्ग होम | १०००० | |
| | क्लिनिक | १००० | |
| | चस्मा पसल | ५०० | |
| ४४ | शिक्षा सेवा | | |
| | निजी क्याम्पस तथा मा.वि | १००० | |
| | निजी आधारभूत विद्यालय | ८०० | |
| | निजी प्रा.वि/ मन्टेश्वरी | ५०० | |
| | सवारी चालक तालिम | १००० | |
| | भाषा शिक्षा कोचिङ्ग सेन्टर | ५०० | |
| ४५ | मर्मत सम्भार | | |
| | वोडी मर्मत गर्ने | ३०० | |
| | टायर ट्युव मर्मत/ रिसोलिङ्ग,हावा भर्ने | ३०० | |

| | | | |
|---|---|---|---|
| | इन्जिन मर्मत | ३०० | |
| | डेन्टिङ्ग पेन्टिङ्ग | ३०० | |
| | टि.भी फ्रिज मोटर पङ्खा रेडियो घडी जेनेरेटर कम्प्युटर मर्मत मोबाइल | ५०० | |
| | मोटरसाइकल मर्मत | ३०० | |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | १००० | |
| ४६ | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | ३०० | |
| ४७ | साइनबोर्ड आर्टस व्यवसाय | ३०० | |
| ४८ | माछामासु विक्री पसल | २०० | |
| ४९ | फूल विरुवा पसल | १०० | |
| ५० | भाडा पसल तथा किचन सामाग्री | ५०० | |
| ५१ | खैलौना, गिफ्ट हाउस, तथा फोटो फ्रेम | ५०० | |
| ५२ | माथि उल्लेख नभएका पेशा व्यवसाय | ५०० | |

**७.अन्य सेवा :**

| क्र.स | विवरण | २०७४/७५ | कैफियत |
|---|---|---|---|
| | बिमा एजेन्ट | ५०० | |
| | सर्भेयर | ५०० | |
| | नोटरी | १००० | |

एक वर्ष वा सो भन्दामाथि विलम्ब ३५% जरिवाना लाग्ने छ ।

**द्रष्टव्यः एकै व्यक्तिले एक भन्दावढि व्यवशाय एकै ठाउमा सन्चालन गरेमा अधिक्तम शुल्क लाग्ने व्यवशायको शुल्क लिइने छ ।**

अनुसूची ५

(दफा ६ सँग सम्बन्धित)

जडीबुटी , कवाडी र जीवजन्तु कर :

| | | | |
|---|---|---|---|
| १ | कवाडी सामान | प्रतिकेजि रु १ | |

अनुसूची ६

(दफा ७ सँग सम्बन्धित)

सवारी साधन कर :

| **क्र.स** | **विवरण** | **२०७६/७७** | **कैफियत** |
|---|---|---|---|
| १ | क. बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | १००० | विलम्ब जरिवाना ३५% |
| १.१ | ख. भाडाका कार, जीपमा | २०० | |
| १.२ | ग. भाडाको मिनीबसमा | ५०० | |
| १.३ | घ. निजी कार, मिनीबसमा | ५०० | |
| २. | ङ. स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | १०० | |
| | च. ठेलागाडा तथा रिक्सामा | ५० | |
| | च. रातो कालो प्लेट भएका भाडामा चल्ने टेक्टर | ५०० | |

द्रष्टव्य : प्रदेश सरकारले उठाउने सवारी साधन करमा दोहोरो नहुने गरी कर असुल गरीने छ । एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।

अनुसूची ७

(दफा ८ सँग सम्बन्धित)

**विज्ञापन कर :**

| क्र.स | विवरण | २०७६/७७ | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक व्यावसायिक को लागि मात्र | ५०००।०० | विलम्ब जरिवाना ३५% |

अनुसूची ८

(दफा ९ सँग सम्बन्धित)

**मनोरञ्जन कर :**

क. सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा २ प्रतिशत कर लाग्ने छ ।

ख. जादु सर्कस चटक आदिमा प्रतिदिन ३०० कर लाग्ने ।

अनुसूची ९

(दफा १० सँग सम्बन्धित)

**बहाल बिटौरी कर**

| क्र.स | विवरण | २०७५/७६ | |
|---|---|---|---|
| ५३ | टहरो छाप्रोको मासिक | १० | विलम्ब जरिवाना ३५% |
| ५४ | घुम्ती मासिक | ८ | |
| ५५ | ठेला मासिक | ५ | |

अनुसूची १०

(दफा ११ सँग सम्बन्धित)

**पार्किङ्ग शुल्क :**

| क्र.स | विवरण | २०७६/७७ | कैफियत |
|---|---|---|---|
| ५६ | बस , ट्रक, ट्याक्टर, जीप प्रतिघण्टा | | पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवसथित भएपछि मात्र लाग्ने |
| ५७ | मोटरसाइकल ठेला गाडा र अन्य साधन प्रतिघण्टा | | |

अनुसूचि ११

(दफा १२ सँग सम्बन्धित)

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**

**(पुर्वाधार निर्माण भएपछि मात्र कर निर्धारण गरीनेछ )**

अनुसूची १२

(दफा १३ सँग सम्बन्धित)

**सेवा शुल्क/ दस्तुर :**

| क्र.स | विवरण | २०७६/७७ | कैफियत |
|---|---|---|---|
| १। | नागरिकता सिफारिस | १०० | |
| २। | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |
| ३। | स्वदेशको लागि सामान्य सिफारिस | १०० | |
| ४। | नामथर संसोधन सिफारिस | १०० | |
| ५। | नाता प्रमाणित सिफारिस /नाता कायम सिफारिस/बसोबास प्रमाणित सिफारिस | २०० | |
| ६। | पारिवारिक विवरण सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| ७। | पिछडिएको क्षेत्र सिफारिस | १०० | |
| ८। | नावालक सिफारिस | १०० | |
| ९। | जन्ममिति प्रमाणित सिफारिस | १०० | |
| १०। | विवाहदर्ता प्रमाणीत सिफारिस | ५०० | |
| ११। | अविवाहित प्रमाणित सिफारिस/व्यक्ति सिफारिस | २००० | |
| १२। | व्यावसाय दर्ता सञ्चालन सिफारिस | ५०० | |
| १३। | मदिरा व्यवसाय सिफारिस | ५०० | |
| १४। | व्यक्तिगत घटना दर्ता(३५ दिन पछि | ५० | |
| १५। | घर नभएको जग्गा खरिद बिक्री, बकस पत्र,सट्टा पट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालयलाई गर्ने सिफारिस/घर समेत भएको जग्गा सिफारिस | ३०० | |
| १६। | जग्गावालाको मृत्युपछि नामसारि वा अंशवण्डा प्रयोजनको लागि मालपोत कार्यालयलाइ गरिने सिफारिस/ घर समेत भएको जग्गा सिफारिस | ५०० | |
| १७। | पेन्शन पट्टा सिफारिस | ५०० | |
| १८। | खानेपानी विद्युत टेलिफोन जडान र नामसारी, ठाउँसारी सिफारिस | १०० | |
| १९। | चौकिल्ला प्रमाणित | ३०० प्रति कित्ता | |
| २०। | घर सम्पन्न | १००० | |
| २१। | विविध इजाजत दस्तुर | १०० | |
| २२। | जग्गा नामसारी सिफारिस | २५० | |
| २३। | विभिन्न उद्योगको सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| २४। | पेट्रोल डिजेल पम्प स्थापना सिफारिस | ५००० | |
| २५। | प्रत्येक सिफारिस अङग्रेजीमा | ५०० | |
| २६। | प्रत्येक सिफारिस अङग्रेजी र नेपालीमा दुवै भाषामा | १००० | |
| २७। | अस्थायी घर इजाजत दस्तुर | १०० | |
| २८। | वस्तुगत विवरण(घर, गोठ, टहरा, भए नभएको )प्रमाणित सिफारिस<br>क. बजार क्षेत्र<br>ख. ग्रामीण क्षेत्र | <br>५०<br>२५ | |
| २९ | आय तथा घरजग्गा मुल्याकन | ०।००३०% | रु १ करोडको ३ हजार |
| ३०। | छात्रवृत्ति सिफारिस दस्तुर | निशुल्क | |
| ३१। | सम्बन्ध विच्छेद सिफारिस | ५०० | |
| ३२। | मिलापत्र बक्सौनी दस्तुर | २०० | |
| ३३। | **अन्य विविध सिफारिस** | **१००** | |

| | | | |
|---|---|---|---|
| ३४ | घर बाटो सिफारिस | २०० | |
| ३५ | नता प्रमाणित सिफारिस | ३०० | |
| ३६ | जन्म दर्ता | ५० | **३५ दिन काटेकोमा मात्र** |
| ३७ | विवाह प्रमाणित | १०० | |
| ३८ | घर भएको नभएको प्रमाणित | १०० | |
| ३९ | नाम सारी सिफारिस | १०० | |
| ४० | अग्रजीमा जन्म प्रमाणित | ५०० | |
| ४१ | अग्रजीमा विवाह प्रमाणित | ५०० | |

| | | | |
|---|---|---|---|
| ४२ | अग्रजीमा नाबालक प्रमाणित | ५०० | |
| ४३ | अग्रजीमा अम्दामी  प्रमाणित | १००० | |
| ४४ | संस्था दर्ता नविकरण खारेजी र अनुमति शुल्क | ५०० | **बर्षिक रु ५करोड भन्दा माथि कारोवार तथा कार्यक्रम भएकोमा रु ५०००।००** |
| ४५ | रेडियो सन्चालन अनुमति | १००० | |
| ४६ | खनिज जन्य उपभोग दर्ता अनमति नविकरण खारेजी | १००० | |
| ४७ | कित्ताकाट सिफारिस | २०० | |
| ४८ | मोही  लगत कटा | २०० | |
| ४९ | किता थप | २५०० | |
| ५० | नया स्कुल सिफारिस | ५०० | |
| ६० | खानेपानी सिफारिस साधारण घर | १०० | |
| ६१ | खाने पानि सिफारिस ढलान घर | २५० | |
| ६२ | बत्ति सिफारिस साधारण | १०० | |
| ६३ | बत्ति सिफारि घर ढलान | २०० | |
| ६४ | अस्थाइ वसोवास सिफारिस | ५०० | |
| ६५ | स्थाइ वसोवास सिफारिस | ५०० | |
| ६६ | फरक फरक नामथर सिफारिस | १००(नाम मात्र) | **३००( नाम थर दुबै)** |
| ६७ | फरक फरक जन्ममिति प्रमाणित | १०० | |
| ६८ | तिन पुस्ते प्रमाणित | १५० | |
| ६९ | हीच्जे फरक भएको | १०० | |
| ७० | आन्तिरिक वसाइ सराइ सेवा शुल्क | ५०००।०० आउने | **२०००।०० जाने** |
| ७१ | मृतक हकदार प्रमाणित | २०० | |
| ७२ | जग्गाधनी प्रमाण पूर्जाको सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| ७३ | जग्गाधनी प्रमाण पूर्जाको हक कायम गर्ने | १०० | |
| ७४ | कर चूक्ता सिफारिस | ५०० | |
| ७५ | गैर नाफामलक संस्था  प्रमाण पत्र | १५०० | |
| ७६ | नक्शापास साधारण | ३०० | |
| ७७ | नक्शापास ढलान घर | ३००० | |
| ७८ | sG;h/ k|dfl0ft | ५०० | |

अनुसूची १३

(दफा १४ सँग सम्बन्धित)

**पर्यटक शुल्क**

पर्यटकीय स्थल निर्माण भएपछि शुल्क निर्धारण गरिनेछ ।

अनुसूची १४

(दफा १५ सँग सम्बन्धित)

**कृषि सम्बन्धी दस्तुर**

पशुपालन फर्म सञ्चालन शुल्क  :  १०००

पन्छी पालन    ”         ”      :  १०००

मौरीपालन       ”         ”    :  १०००

माछापालन शुल्क ”        ”    :  १०००

व्यावसाय कृषि फर्म ”         ”:  १०००